**Prāgyik Prabāha** Vol. 13, No. 1.pp.170-181, December, 2025; Tribhuvan University Teachers' Association, Tribhuvan Multiple Campus, Palpa, **DOI: https://doi.org/10.3126/pp.v13i1.94811**

# *मायालु हुम्ला* नियात्रासङ्ग्रहका निबन्धमा सामाजिक समस्या

*डा. शारदा खनाल*
*sharadak974@gmail.com*
*त्रिभुवन बहुमुखी क्याम्पस, त्रि.वि.*

***Article History:*** *Received 10 March 2025; Reviewed 16 June 2025; Revised 19 September 2025; Accepted 23 November 2025*

**लेखसार**

*प्रस्तुत लेखमा दामोदर पुडासैनीद्वारा लेखिएको मायालु हुम्ला सङ्ग्रहका नियात्रामा विद्यमान समस्या पहिल्याएर सामाजिक यथार्थवादका आधारमा अध्ययन विश्लेषण गरिएको छ । यसमा शोध्यप्रश्नको रूपमा प्रस्तुत गरिएको जिज्ञासाको समाधानका लागि पाश्चात्य साहित्य सिद्धान्तमा देखा परेर विकसित हुँदै आएको यथार्थवादसम्बन्धी अवधारणाको आधार लिइएको छ । कृतिको अर्थापनका लागि सघन पाठविश्लेषण विधिअनुसार सूक्ष्म पठन गरी स्थापित सिद्धान्तका आधारमा सन्दर्भपरक विश्लेषणसमेत गरी निष्कर्षमा पुगिएकाले यो अध्ययन गुणात्मक प्रकृतिको छ । विवेच्य नियात्रासङ्ग्रहमा प्रस्तुत सामाजिक समस्याका विषयलाई मूल प्राज्ञिक समस्या बनाएर त्यसको समाधान खोज्न कृतिमा सम्भावनाका सङ्कुचनका समस्या, सरकारी कर्मचारीका कार्यसम्बन्धी समस्या, बहुपतिप्रथाले निम्त्याएका समस्या, जातीयतासम्बन्धी समस्या, मदिराजन्य समस्या, सरसफाईका समस्या, सशस्त्र युद्धले निम्त्याएका समस्या, यौनजन्य समस्या, अन्धविश्वासजन्य समस्याजस्ता सामाजिक यथार्थवादसम्बन्धी विविध समस्याका आधारमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । प्रस्तुत कृतिका सामाजिक समस्या पहिल्याउने क्रममा हुम्ली समाजमा विद्यमान भौगोलिक विकटता, अशिक्षा, जनचेतनाको कमीजस्ता समस्याहरूले गर्दा त्यहाँका विविध सम्भावनाहरूको सङ्कुचन भई उत्पादित बहुमूल्य वस्तुले समयसापेक्ष बजार पाउन नसकेको, भट्टीमा रक्सीसँगै जवानी बेच्ने महिला र पेसाप्रति अनुत्तरदायी भ्रष्टाचारी कर्मचारीका यौनजन्य क्रियाकलाप, वैज्ञानिक युगमा पनि अन्धविश्वासका पछि लागेर धामी, झाँक्री बसाल्ने प्रवृत्ति, बहुपतिप्रथाका कारण धेरैजसो नारीहरू अविवाहित बस्नुपर्ने विवशता, सशस्त्र युद्धका बेला जनताहरू नेपाली सेना र लाल सेनाको दोहोरो मारमा पर्नुपरेको विकराल स्थिति, मान्छेलाई गैरदलित र दलित भनी सामाजिक सद्भाव खल्बल्याएर वैरभाव सिर्जना गरिएको अवस्थाजस्ता सामाजिक समस्या विद्यमान छन् भन्ने निष्कर्ष प्रस्तुत सङ्ग्रहका नियात्राहरूको अध्ययनबाट प्राप्त भएको छ ।*

**शब्दकुञ्जी :** दुर्गम क्षेत्र, नियात्रा, बहुपतिप्रथा, सम्भावनाको सङ्कुचन, सशस्त्र युद्ध, सामाजिक समस्या

## विषयपरिचय

*मायालु हुम्ला* नियात्रासङ्ग्रह दामोदर पुडासैनी 'किशोर' (२०१९) ले लेखेका हुन् । उनी नेपाली कविता र निबन्धका क्षेत्रमा स्थापित व्यक्तित्व हुन् । नेपाली साहित्यको समसामयिक धाराका विशिष्ट कवि तथा नियात्राकार पुडासैनीले *यात्राका प्रेमिल तरङ्गहरू* (२०६५) नामक नियात्रा कृतिबाट निबन्धलेखन आरम्भ गरेको पाइन्छ । कविता विधाबाट औपचारिक लेखन प्रारम्भ गरेका पुडासैनीका अहिलेसम्म नौवटा कवितासङ्ग्रह, छवटा नियात्रासङ्ग्रह र एउटा दर्शनसम्बन्धी कृति गरी जम्मा सोह्रवटा पुस्तक कृति प्रकाशित भइसकेका छन् । उनका यात्रा निबन्धहरू *यात्राका प्रेमिल तरङ्गहरू* (२०६५), *नमेटिएका चित्रहरू* (२०७०), *मायालु हुम्ला* (२०७१),

*सिमानाका रङ्ग सिमानाका तरङ्ग* (२०७२), *पर्खालभित्रको राजधानी* (२०७३) र ग्रीस्मको नीलो बतास (२०७८) हुन् । *मायालु हुम्ला* यात्रा निबन्धमा पुडासैनीले लेखापरीक्षणका क्रममा हुम्ला जिल्लाको झण्डै दुई महिना लामो यात्रामा खास गरी उपल्लो हुम्लाका भ्रमणका क्रममा प्राप्त भएका विविध क्षेत्र र विषयका अनुभूतिहरूलाई अठारवटा नियात्राका माध्यमबाट प्रस्तुत गरेका छन् । यस कृतिले देशको प्रशासनिक क्षेत्रका चरम विकृति र जनताको बहुपक्षीय दुरावस्थाको सजीव चित्र उतारेको छ । धर्म र संस्कृतिका नाममा मौलाएको विकृति, सरकारी कर्मचारीहरूका कुप्रवृत्ति र नकारात्मक कार्यहरूप्रति उनले कृतिमा खुलेरै विरोध गरेका छन् (दवाडी, २०७५, पृ. ९१) । नियात्राका माध्यमबाट पुडासैनीले विश्वमानवका स्थिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र स्थानीयताको मर्मस्पर्शी चित्रण गर्न सफल भएका छन् । आफूले देखेका र भोगेका कुराहरूलाई निर्धक्क र स्पष्टसँग व्यक्त गर्नु, मानवतावादी विचार प्रस्तुत गर्नु, समाजका बेथितिहरू औँल्याइदिएर सुधारतर्फ सरोकारवालाको ध्यान आकृष्ट गर्नु, प्रकृतिप्रेम तथा मनोरम प्रकृतिका विभिन्न पक्षको चित्रण र मानवीकरण गर्नु, धार्मिक, सामाजिक कुसंस्कार तथा अन्धविश्वासप्रति चोटिलो व्यङ्ग्य प्रहार गर्दै यस्ता कुराहरू समाजबाट हट्नुपर्ने विचार अभिव्यक्त गर्नु, राष्ट्रवादी भावनाका साथ पर्यटन तथा विज्ञानप्रविधिसम्बन्धी सम्भावनाहरूलाई मार्गनिर्देशसहित अभिव्यक्त गर्नुजस्ता काम गरेका छन् । आशावादी, जीवनवादी दृष्टिकोण राख्नु, प्रकृतिसँगको प्रेमप्रणयको भाव प्रस्तुत गर्नु, श्रमजीवी वर्ग र किसानहरूको पक्षपोषण गर्नु, नारीमैत्री दृष्टिकोण राख्नु, सन्दर्भअनुसारका उखानटुक्का र काव्यात्मक भाषाको प्रयोग गर्नु पुडासैनीका निबन्धगत वैशिष्ठ्य हुन् ।

मान्छे सामाजिक प्राणी हो । कुनै पनि एकत्रित मानिसहरूको समूहलाई समाज भनिन्छ, जसमा व्यक्ति-व्यक्ति बिच आपसी आदानप्रदान, पारस्परिक सम्बन्ध तथा अन्तरक्रिया हुन्छ (घिमिरे, २०६१, पृ. ७५) । जबसम्म समाजका सदस्यका बिच पारस्परिक चिनजान, क्रिया, अन्तरक्रिया हुँदैन तबसम्म समाजको संरचना बन्न सक्दैन । टुँडिखेलमा घाम तापेर बसेका छुट्टाछुट्टै मानिसहरूको समूहलाई समाज भन्न सकिँदैन । समाजमा बस्ने मानिसहरूका बिचमा सहकार्य र रहनसहन, उठबस हुँदै जाँदा विभिन्न किसिमका अप्ठ्याराहरू आइपर्छन् । मानवजीवनका तिनै अप्ठ्यारा तथा आरोहअवरोहहरू नै सामाजिक समस्या हुन् । समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, पारिवारिक विभिन्न समस्या तथा घटनाहरूलाई जस्ताको तस्तै अभिव्यक्त गर्नु सामाजिक यथार्थवाद हो ।

पुडासैनीको *मायालु हुम्ला* नियात्रासङ्ग्रहभित्रका निबन्धलाई अनेक कोणबाट अध्ययन गर्न सकिन्छ तापनि यस लेखमा प्रस्तुत कृतिमा सामाजिक समस्याको चित्रण केकसरी भएको छ भन्ने विषयलाई मात्र प्राज्ञिक समस्या बनाइएको छ । प्रस्तुत कृतिलाई सामाजिक यथार्थवादको सैद्धान्तिक मान्यतामा टेकेर अध्ययन विश्लेषण गरी सामाजिक समस्याको निरूपण गरिएको छ ।

दामोदर पुडासैनीको *मायालु हुम्ला* नियात्रासङ्ग्रहका निबन्धहरू प्राज्ञिक अध्ययनका दृष्टिले अत्यन्त गहन, समस्यामूलक र अनुसन्धेय रहेका छन् । प्रस्तुत सङ्ग्रहभित्रका यात्रा निबन्धको विविध कोणबाट अध्ययन भइसकेको र गर्न सकिने विभिन्न आधारहरू भए पनि सामाजिक समस्यामै केन्द्रित भएर अहिलेसम्म अध्ययन नभएको अवस्थामा यस क्षेत्रमा प्राज्ञिक रिक्तता देखिन्छ । यही रिक्ततालाई परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत लेखमा *मायालु हुम्ला* कृतिभित्रका नियात्रालाई सामाजिक यथार्थवादको सैद्धान्तिक मान्यतामा टेकेर अध्ययन गरिएको छ । प्रस्तुत कृतिमा केकस्ता सामाजिक समस्याहरू रहेका छन् ? भन्ने मूल समाधेय प्राज्ञिक समस्यामा केन्द्रित भएर उक्त कृतिको विश्लेषण गरी सामाजिक समस्याको निरूपणसहित निष्कर्षमा पुग्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा दामोदर पुडासैनीको *मायालु हुम्ला* सङ्ग्रहका यात्रा निबन्धलाई तिनमा उल्लेख भएका सामाजिक समस्यामा केन्द्रित भई अध्ययन गरिएको छ । अध्ययनका क्रममा उपयोग गरिएका प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । विवेच्य नियात्रा कृतिलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा र सामाजिक समस्यासँग सम्बन्धित सैद्धान्तिक सामग्री तथा प्रस्तुत कृतिमा यस अघि विभिन्न दृष्टिले गरिएका समीक्षात्मक अध्ययन, शोधप्रबन्ध आदिलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । सङ्कलित सामग्रीको अर्थापनका लागि *मायालु हुम्ला* सङ्ग्रहका यात्रानिबन्धको सघन पाठविश्लेषण विधिअनुरूप सूक्ष्म पठन गर्दै सन्दर्भपरक अध्ययन समेत गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत लेखमा शोध्यप्रश्नको रूपमा प्रस्तुत गरिएको जिज्ञासाको प्राज्ञिक समाधानका लागि पाश्चात्य साहित्य सिद्धान्तमा देखा परेर विकसित भएको सामाजिक यथार्थवादलाई आधार बनाइएको छ । यथार्थवाद उन्नाइसौं शताब्दीको उत्तरार्द्धतिर स्वच्छन्दतावादका विरुद्ध बेलायत, फ्रान्स, अमेरिकालगायत अन्य पश्चिमी मुलुकमा देखिएको साहित्यिक आन्दोलन हो । यसलाई दर्शन र साहित्य दुवै क्षेत्रमा प्रचलित मान्यताका रूपमा लिइन्छ । साहित्यमा सामाजिक यथार्थवाद भन्नाले संसारमा जुन वस्तु जस्तो छ त्यस्तै रूपमा त्यसको ठिकठिक चित्रण वर्णन गर्नुपर्छ भन्ने सिद्धान्तलाई बुझाउँछ (जोशी, २०५७, पृ. ३४) । यसबाट सामाजिक यथार्थवादले जीवनजगत्को सत्यतथ्य कुरालाई देखाउँछ भन्ने कुरा स्पष्ट भएको छ । सामाजिक यथार्थवाद वस्तुसत्यको खोजी गरी त्यसलाई जस्ताको तस्तै प्रस्तुत गर्ने साहित्यिक मान्यता हो । यथार्थको अर्थ सही, सत्य, साँचो, वास्तविक हुन्छ भने त्यसमा 'वाद' जोडिएपछि वस्तुजगत्को अस्तित्वलाई नै सर्वेसर्वा स्वीकार गर्ने एउटा दार्शनिक मान्यताको रूपमा लिइन्छ (पहाडी, २०७४, पृ. २७) । यथार्थमा भन्नुपर्दा वस्तुसत्यमा विश्वास राख्ने एउटा अनिश्वरवादी सिद्धान्त नै यथार्थवाद हो । साहित्यमा यथार्थवाद भन्नाले इमान्दारीपूर्वक प्रस्तुत गरिएको जीवनको चित्र भन्ने बुझिन्छ । समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, पारिवारिक समस्या तथा घटनाक्रमहरूलाई जस्ताको तस्तै अभिव्यक्त गर्नु सामाजिक यथार्थवाद हो (खनाल, २०७९, पृ. ६४) । यसका विविध भेदमध्ये महत्त्वपूर्ण भेद मानिएको सामाजिक यथार्थवादले समाजमा देखिएका, भोगिएका र सम्पूर्ण राम्रा-नराम्रा पक्षहरूलाई जस्ताको तस्तै प्रस्तुत गर्नुपर्ने मान्यता राख्दछ । यसरी व्यापक अर्थमा यथार्थवादी रचनालाई कुनै स्थान वा समयसँग सम्बद्ध दैनन्दिन जीवनको यथातथ्य वर्णन गरिएको साहित्यिक रचना भन्ने बुझिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. २९४) । दामोदर पुडासैनीको *मायालु हुम्ला* नियात्रा कृति सामाजिक यथार्थवादी मान्यतालाई आत्मसात् गरी सिर्जना गरिएकाले यसको अध्ययन सामाजिक यथार्थवादसम्बन्धी मान्यताका आधारमा गरिएको छ । यस कृतिको सामाजिक यथार्थ पहिल्याउने क्रममा समाजमा विद्यमान विभिन्न किसिमका समस्याहरूलाई यस लेखमा प्रस्तुत गरिएको छ । सम्भावनाका सङ्कुचनका समस्या, सरकारी कर्मचारीका कार्यसम्बन्धी समस्या, बहुपति प्रथाले निम्त्याएका समस्या, जातीयताका समस्या, मदिराजन्य समस्या, सरसफाईका समस्या, सशस्त्रयुद्धले निम्त्याएका समस्या, यौनजन्य समस्या, अन्धविश्वासजन्य समस्या जस्ता सामाजिक यथार्थवादसम्बन्धी विविध समस्याका आधारमा विश्लेषण गरी निष्कर्षमा पुग्नु प्रस्तुत लेखको समाधेय विषय हो ।

## सामाजिक समस्याका आधारमा *मायालु हुम्ला* नियात्रासङ्ग्रहका निबन्धको विश्लेषण

व्यक्ति व्यक्ति मिलेर सामाजिक संरचना तयार भएको हुन्छ, जसमा विभिन्न वर्ग, लिङ्ग, जाति तथा धर्मसंस्कतिका मानिसहरूको बसोबास हुन्छ । समाज व्यक्तिहरूको त्यो समूह हो जुन निश्चित सम्बन्ध, व्यवहार तथा अन्तरक्रियाद्वारा सङ्गठित भएको हुन्छ (अधिकारी, २०६२, पृ. १३४) । मेक्स्वेर र पेजका समाजसम्बन्धी भनाइलाई रेशराज अधिकारीले उद्धृत गरेका छन् जसअनुसार समाज कार्यप्रणाली, रीति, अधिकार, सत्ता एवं पारस्परिक सहायताको समूह र उपसमूह हो जसले मानव व्यवहारको नियन्त्रण एवं स्वतन्त्रताको व्यवस्था पनि गर्दछ । व्यवहार सञ्चालनका क्रममा समाजमा विभिन्न किसिमका समस्याहरू देखिँदै जान्छन् । समाजमा देखिने विविध खाले समस्याहरूलाई पुडासैनीले *मायालु हुम्ला* कृतिमार्फत औंल्याएका छन् । उनले समाजका राम्रा र नराम्रा पक्षहरूलाई खोतली समाज सुधारको मार्ग पहिल्याउन पनि आग्रह गरेका छन् (दवाडी, २०७५, पृ. १३) । प्रस्तुत कृतिमा विद्यमान सामाजिक समस्याहरूलाई यसप्रकार प्रस्तुत गरिएको छ :

### सम्भावनाका सङ्कुचनका समस्या

विकासका सम्भावनाहरू रोकिएको अवस्थालाई सम्भावनाका सङ्कुचनका समस्या भनिन्छ । भौगोलिक विकटता, पर्याप्त शिक्षाको अभाव, जनचेतनाको कमी, सरकारी कर्मचारी र जनप्रतिनिधिहरू आ-आफ्ना जिम्मेवारीप्रति उत्तरदायी नहुनु जस्ता समस्याहरूले गर्दा हुम्ला जिल्लामा विकासका विभिन्न किसिमका सम्भावना हुँदाहुँदै पनि पछाडि परेको छ । त्यहाँका सम्भावनाहरू प्रस्फुटन हुन नसकेर खुम्चिएका छन् भन्ने सन्दर्भलाई नियात्राकारले यसरी अभिव्यक्त गरेका छन् “त्यही स्याउलाई सुकुटी, सर्वत र वाइन बनाएर बेच्न सके कति राम्रोसँग सुधारिन्थ्यो होला त्यहाँको जीवनलीला” (पृ. १२३) । उद्धृतांशमा प्रशस्त स्याउ उत्पादन हुने हुम्ला जिल्लामा यातायातको असुविधा र बजार व्यवस्थापनको अभावले सुकुटी, सर्वत र वाइन जस्ता धेरै चिज बनाएर बेच्न र प्रश्स्त आयआर्जन गर्न सकिने स्याउले पनि उचित मूल्य पाउन नसकेको सन्दर्भ जोड्दै लेखकले स्याउको सही व्यवस्थापन हुन सके त्यहाँको जीवनशैली नै परिवर्तन हुन सक्ने सम्भावना रहेको विचार प्रस्तुत गरेका छन् । आफैँसँग मणि भएको तर त्यसले कौडीको भाउ पाउन नसकेकाले विकासको सम्भावना खुम्चिएको तर्क लेखकको रहेको छ । यसै सन्दर्भमा नियात्राकारले हुम्लालाई तिमी तथा मायालुको रूपमा सम्बोधन गर्दै आफ्नो विचार यसरी अभिव्यक्त गरेका छन् :

> तिमीसँग भएको ऊन र औषधि प्रशोधन गरेर अरूलाई पनि पठाइदिनुपर्ने हो । फापर, उवा, जौ, कागुनु, चिनो, सिस्नो र तितेपातीलाई रूप परिवर्तन गरेर आफू खाने र अरूलाई बाँड्न उत्साह थप्नुपर्ने हो । भेडा, घोडा, खच्चर र च्याङ्ग्राहरू बगाल बगाल ब्युँताएर परपरसम्म पुऱ्याउनुपर्ने हो । (पृ.२९)

प्रस्तुत अंशमा नियात्राकारले हुम्लामा उत्पादित ऊन, जडीबुटीबाट बन्ने औषधि प्रशोधन गरेर बाह्य मुलुकमा निकासी गर्नुपर्ने, फापर, उवा, जौ, कागुनु, चिनो, सिस्नो र तितेपाती जस्ता वस्तुलाई विभिन्न तरिकाबाट खानाका रूपमा उपयोग गर्दै बढी भएको वस्तु विक्री गरी आयआर्जन बढाउन उत्साह थप्नुपर्ने र भेडा, घोडा, खच्चर र च्याङ्ग्राहरूलाई ऊन, मासु र यातायातका साधनका रूपमा भरपुर उपयोग गरी जीवनशैलीलाई सुलभ र सहज बनाउन सकिने सम्भावना देखाएका छन् । भौगोलिक विकटता, अशिक्षा, जनचेतनाको कमी जस्ता त्यहाँका विविध खाले जटिलताले गर्दा सम्भावनाको सङ्कुचन हुन गई उत्पादित बहुमूल्य वस्तुहरूले पनि समयसापेक्ष मूल्य पाउन नसकेकोमा लेखकले दुखेसोसमेत व्यक्त गरेका छन् ।

**सरकारी कर्मचारीका कार्यसम्बन्धी समस्या**

कुनै पनि राज्यको राज्यकोशबाट तलब खाने गरी नियुक्त गरिएका कर्मचारीलाई सरकारी कर्मचारी भनिन्छ । यी पनि स्थायी र अस्थायी गरी दुई किसिमका हुन्छन् । नेपालको सन्दर्भमा भन्नुपर्दा धेरैजसो सरकारी कर्मचारीहरू दुर्गम क्षेत्रमा जानै चाहँदैनन् भने गएकाहरूले पनि धेरैले इमान्दारीपूर्वक आफ्ना जिम्मेवारी पूरा गर्दैनन् । बरु केन्द्रमा जाँदा दुर्गम क्षेत्रका कठिनाइ र समस्याको मात्र कुरा गर्छन्, दुर्गमभत्ता खान्छन्, दुर्गममा बसेबापत बढुवाका लागि अङ्क पाउँछन् । सेवाग्राही कसैले पनि उनीहरूको विरोध गर्न सक्दैनन्, यदाकदा विरोध गरिहाले पनि कर्मचारीलाई कुनै न कुनै पार्टीको समर्थन हुने भएकाले उनीहरूले अपराध गरे पनि छुटाइहाल्छन् । यसले गर्दा दुर्गम क्षेत्रका सेवाग्राही अत्यन्तै मर्कामा परेको विचार व्यक्त गर्दै पुडासैनीले प्रस्तुत नियात्रा कृतिमा सरकारी कर्मचारीका लापरवाही तथा ज्यादतीहरूको चित्रण गरेका छन् जसलाई निम्नलिखित उद्धरणले पुष्टि गरेको छ :

> ...केन्द्रमा बस्नेहरू दुर्गम भनेपछि नाम नै सुन्दा आत्तिन्छन् । बेला बेलामा केन्द्रलाई दुर्गम जागिरे व्यथाको नाटक सुनायो । आवतजावतको कठिनाइको फलाको हाल्यो । खानपानको खच्याङ्खुरुङको खल्याङमल्याङ मच्चायो, नेताले डसेका, जनताले हेपेका कथाकुथुङ्ग्री जोडिदियो । अझ अहिले त माओवादी समस्याको नाटक सुनाइदिएपछि जिब्रो काढ्छन् उतैबाट । (पृ. २०६)

उल्लिखित पङ्क्तिबाट जनताले तिरेको करबाट तलब खाने सरकारी कर्मचारीहरू पेसाप्रति कत्ति पनि इमान्दार नभएको, दुर्गम क्षेत्रका हुनेनहुने कुरा गरेर जनमानसमा भ्रम फैलाएको, आफ्नो व्यक्तिगत फाइदाका लागि मात्र मरिमेट्ने गरेको र जनताको सेवाप्रति पूर्णरूपले उदासीन रहेको कुरा स्पष्ट हुन आउँछ । केन्द्र ( काठमाडौँ) मा कार्यरत कर्मचारी दुर्गम स्थानका नामै सुन्दा तर्सिने गरेको, यस्ता कर्मचारी पहुँचका आधारमा सधैँ केन्द्रमै बस्ने गरेको, पहुँच नभएका र विभिन्न प्रलोभनमा परेर दुर्गममा जानेहरूले पनि इमान्दारीपूर्वक जनताका काम नगरेको, धेरैले हाजिर मात्र मिलाएर केन्द्रमै बसी दुर्गमभत्ता र बढुवाको अङ्कसमेत प्राप्त गरेको, कहिलेकाँही दर्गममा बसेर काम गर्नेहरूले पनि दशगुणा बढाएर दुर्गममा जागिर खाँदाको जस्तो आवतजावत, खानपान, नेताले डसेका, जनताले हेपेका विविध समस्या केन्द्रीय कार्यालयमा सुनाउने गरेको र अझ जनयुद्ध कालमा त माओवादीहरूले गरेका ज्यादतीका नाटक सुनाएर केन्द्रमा बस्नेहरूलाई जिब्रो काढ्ने बनाएको सन्दर्भ उल्लेख गरेका छन् ।

सडकको विकास नभएकाले हुम्लामा खाद्य संस्थानले जहाजबाट चामल लगे पनि त्यो चामलको न्यायोचित वितरण हुन नसक्दा सर्वसाधारण जनताले प्राप्त गर्न नसकेको, उनीहरूले पाइहाले भने पनि कयौँ दिन कुरेर जम्मा आठ दस किलो मात्र प्राप्त गरेको, त्यो प्राप्त गर्न पनि घुसका रूपमा हाकिमहरूलाई औषधि, बख्खु र फुरु जस्ता कोसेलीहरू दिएको, धेरै चामल भट्टीवालीहरूले रक्सी बनाउनका लागि प्राप्त गरेको, सिमकोटका छोट्टीहरूले कर्मचारीलाई आफ्नो सर्वस्व सुम्पेपछि चामल उनीहरूकै पकडमा पर्ने गरेको सन्दर्भ नियात्राकारले यसरी व्यक्त गरेका छन् :

> खाद्यले चामल ल्याउँछ प्लेन चढाएर तर जनताले पाउँदै पाउँदैनन् । पाइहाले भने आठ दस किलो मात्र । त्यो पनि कयौं दिन कुरेर, हाकिमहरूलाई औषधि, बख्खु र फुरु कोसेली चढाएर । खास चामल त बिजुली पानी बनाएरै सकिन्छ । सिमकोटका छोट्टीहरूले सर्वस्व सुम्पेपछि चामल उनीहरूकै पकडमा हुने नै भयो । बहुपति प्रथा छ, एउटी बहिनीको बल्लबल्ल बिहे भयो भने कयौं छोट्टी बैला बस्नुपर्छ । (पृ.२०५)

उल्लिखित पङ्क्तिमा बहुपति प्रथाले गर्दा धेरै केटीहरूको विवाह नै हुन नसक्ने भएकाले कयौं केटीहरू छोट्टी बैला बस्नुपरेको र तिनै केटीहरूले कर्मचारीहरूलाई आफ्नो सर्वस्व सुम्पेर आफ्ना माग पूरा गर्ने गरेको, कर्मचारीहरूका यौनचाहना पूरा गरेपछि खाद्यले त्यहाँ पुऱ्याएको सबै चामल वा खाद्यान्य छोट्टीहरूले हात पारेपछि सर्वसाधारण जनता सबै ठगिएको कुरा उल्लेख गरिएको छ । यसरी सरकारी कर्मचारीका गैरजिम्मेवार र गतिछाडा कार्यले पनि उक्त स्थानमा ठुलो समस्या पारेको कुरा प्रस्तुत कृतिमा छर्लङ्ग पारिएको छ ।

**अन्धविश्वासजन्य समस्या**

पहिले अथवा परम्परादेखि समाजमा चल्दै आएका रूढिजन्य मान्यताहरूलाई अन्धविश्वासजन्य समस्या भनिन्छ । यस्ता कुराहरूमा सत्यता वा वैज्ञानिकता हुँदैन तापनि समाजमा परम्परादेखि मान्दै र चल्दै आएका आधारमा यिनलाई एकैचोटी व्यक्तिका मानसिकताबाट हटाउन पनि सकिँदैन । मानिसमा हुने पछौटेपन अन्धविश्वासलाई मलजल गर्ने कारक तत्त्व हो । जति जति मानिस शिक्षित र सचेत हुँदै जान्छन् त्यति नै समाजबाट अन्धविश्वास पनि हट्दै जान्छ । प्रस्तुत कृतिमा पनि यस्तै अन्धविश्वासजन्य समस्याहरू रहेका छन् जसलाई नियात्राकै निम्नलिखित उद्धरणले पुष्टि गरेका छन् :

> ...धामीसँग न्याय माग्दा र ज्यानको स्वस्थताको कामना गर्दा मान्छेहरू प्रायः मुखमा घाँस च्यापेर पशुवत अज्ञानी भएको शैलीमा प्रस्तुत हुँदा रहेछन् । धामीले चामल र फूल छरेर देवता बक्ने रहेछन् र काम्दै सबै समस्या दूर गराइदिने बचन दिँदारहेछन् । धामीहरू हुम्लाका विभिन्न मन्दिरको प्रतिनिधित्व गरेर त्यहाँ भेला हुने रहेछन् । उनीहरू देवताका साक्षात् रूप हुन् भन्ने विश्वास रहेछ हुम्लीहरूमा । (पृ.५६)

उल्लिखित पङ्क्तिमा हुम्लीहरूले बिरामीलाई हामी निको पार्छौं भनी समाजमा अनावश्यक भ्रम फैलाएर धामी, झाँक्रीहरूलाई देवताका साक्षात् रूप मान्ने गरेको कुरा लेखकले प्रस्तुत गरेका छन् । नियात्रामा धामीसँग स्वस्थताको कामना गर्ने बेलामा उनीहरूले मुखमा घाँस च्यापेर पशु जस्तै अज्ञानी भएको शैलीमा रहने र धामीले काँप्दै अक्षता र फूल छरेर देवता बक्दै उनीहरूलाई च्वाट्टै निको पारेर समस्याबाट मुक्ति दिलाउने वचन दिएका छन् । हुम्लाका विभिन्न मन्दिरको प्रतिनिधित्व गरेर आउने धामीहरूमा कुनै पनि अलौकिक र दैवी शक्ति नभएको तर उनीहरूले आफूहरूमा ईश्वरीय शक्ति प्राप्त भएकाले सबैखाले बिमारहरू निको पार्ने वचन दिँदै मुखमा घाँस राखेर बस्न लगाएको, धामी अक्षता र फूल छर्दै हल्लिएर रोगमुक्त पार्ने भ्रम छरेको सन्दर्भमा अन्धविश्वासजन्य समस्याहरू प्रस्तुत भएका छन् ।

गाउँमा मान्छे र घरपालुवा जनावर वा पशुपक्षी बिरामी हुँदा होस् अथवा कुनै कुराको अभाव, अनिकाल तथा अन्यौल बढ्दा र परदेश गएका मान्छे बिरामी हुँदा किन नहोस् जस्तोसुकै समस्या आइपरे पनि सबै देवता रिसाएर भएको हो भन्ने हुम्लीहरूको यस्तो धारणा रहेको छ, “घरघरमा मान्छे र पाल्तुपशु बिरामी हुनु, घरमा अभाव र अन्यौल बढ्नु, परदेशिएकालाई सञ्चो नहुनु, सबै देवता लागेर हुने हो । देवता खुशी पार्न धामी खुशी पार्नुपर्छ ।” (पृ.६२) उद्धृतांशमा धामीको चाकरी वा पूजा गरेर उनीहरूलाई खुसी पार्न सके मात्र देवता खुसी हुन्छन्, देवता खुसी भए भने मात्रै सबै खाले समस्याबाट मुक्ति पाइन्छ भन्ने अन्धविश्वासजन्य भ्रम जनमानसमा फैलाएर यही पेसालाई आफ्नो मागी खाने भाँडो बनाएको अन्धविश्वासजन्य समस्यालाई प्रस्तुत पङ्क्तिमा उल्लेख गरिएको पाइन्छ ।

**बहुपतिप्रथाले निम्त्याएका समस्या**

एउटी नारी दुई वा दुईभन्दा बढी पुरुषको पत्नी भएर बस्ने प्रथालाई बहुपतिप्रथा भनिन्छ । यस्तो व्यवस्थामा कुनै घरको जेठो भाइले विवाह गरेर भित्र्याएकी पत्नी त्यो घरका सबै दाजुभाइकी साझा पत्नी बन्न पुग्छे । चाहेर वा नचाहेर नारीले सबै देवरहरूलाई पति र देवरहरूले भाउजूलाई पत्नी मान्नै पर्छ । नारी बुहारी बनी घरमा भित्रिएपछि जन्मिएका र उमेरले ऊभन्दा धेरै साना देवरहरू पनि उसका पति हुन पुग्छन् । बहुपतिप्रथामा पत्नी सर्वेसर्वा हुन्छे । उसले नै पतिहरूका क्षमतानुसार कार्यविभाजन गरिदिन्छे । हरेक पतिले आफूले कमाएको धन पत्नीलाई बुझाउँछन् भने घरको सारा व्यवस्थापन पत्नीले नै मिलाउँछे । यो व्यवस्थामा कुनै पतिले गलत काम गऱ्यो भने पत्नीले उसलाई निर्घात रूपमा कुटेर सजाय दिने समेत प्रचलन हुन्छ । सभ्यताको विकाससँगै अहिले आएर बहुपतिप्रथा एउटा सामाजिक समस्याको रूपमा देखिन थालेको कुरालाई नियात्रासङ्ग्रहमा यसरी अभिव्यक्त गरिएको छ, "...उसका चार लोग्ने छन्, जेठो लोग्ने चालिसको भयो होला । के गरोस् कान्छो लोग्नेलाई स्याहार नगरी सुख भएन बरा । पोहोर माहिलो लोग्ने दस वर्षपछि घर फर्क्यो । बुढीलाई रोग सारेछ । बुढीबाट अरू दाजुभाइमा पनि सऱ्यो भन्छन् । आफू पनि मऱ्यो" (पृ. १३९) । उद्धृतांशमा एउटा पुरुषको गलत आचरणले गर्दा सबै पुरुष गम्भीर रोगको सिकार भएका छन्, जसलाई बहुपति प्रथाको एउटा समस्याका रूपमा लिन सकिन्छ ।

एकाघरका सबै दाजुभाइ एउटी नारीका पति हुने बहुपतिप्रथा नारीपुरुष कसैका लागि पनि हितकर हुँदैन । जेठो लोग्ने चालिस वर्षको हुँदा कान्छो पन्ध्रको मात्र पनि हुन सक्ने भएकाले आफूभन्दा बिसबाइस वर्ष जेठी भाउजूलाई पत्नी मान्नुपर्ने देवर पीडित बन्नुपरेको अवस्था छ । दाजुभाइमध्ये कुनै चारित्रिक हिसावले लफङ्गो भइदियो भने विभिन्न किसिमका आन्तरिक रोग साझा पत्नीमार्फत अरू दाजुभाइमा सङ्क्रमण हुने खतरा भएको छ । प्रस्तुत पङ्क्तिमा पनि दश वर्ष गुमनाम भएर घर फर्केको माहिलोले अरू तीन दाजुभाइलाई पनि पत्नीमार्फत प्राणघातक एच्.आइभी रोग सारेको छ । ऊ आफू त मऱ्यो नै उसले अरू भाइलाई समेत जोखिममा पारेको छ । बहुपतिप्रथालाई आधुनिक सभ्यताप्रति गरिएको उपहास तथा एउटा सामाजिक समस्याको रूपमा लिइएको सन्दर्भलाई यसप्रकार प्रस्तुत गरिएको छ :

> चार पाँच जनाले एउटी केटी बिहे गर्छन्, बाँकी केटी बिहे नै नगरी बस्नुपर्ने अवस्था छ । एकभन्दा बढी लोग्नेसँगको संसर्गले गर्दा महिला त बच्चा उत्पादन गर्ने मेसिन बन्नुपरेको छ । एउटैले धेरै बच्चा जन्माउँदा उमेर नै नपुगी महिलाको ज्यान झ्याङ्ग्वाल बन्छ, एउटा लोग्नेले अर्को भाइलाई माया गरिस् भन्छ, अर्कोले अर्कोलाई पोषिस् भन्छ, बाहिर समाजमा नदेखिए पनि भुतभुते खरानी बन्छ भित्रभित्रै परिवार । नारीलाई कहिल्यै फुक्का हुन नदिने र सधैं कसै न कसैको खेलौना बनाइरहने, घरको इमान्दार नोकर बनाउने काइदा मात्र हो यो" । (पृ. १३९)

बहुपतिप्रथामा चारपाँच जना दाजुभाइकी एउटी पत्नी भएपछि बाँकी केटीहरूलाई विवाह नै नगरी बस्नुपर्ने बाध्यता छ । विवाहित महिलाले पनि धेरै पुरुषसँग शारीरिक सम्बन्ध राख्नुपर्ने र सबैलाई बच्चा जन्माइदिनुपर्ने भएकाले उसलाई बच्चा उत्पादन गर्ने मेसिन बन्नुपरेको छ । धेरै बच्चा जन्माउँदा र सुत्केरीमा पोषणयुक्त खाना खान नपाउँदा उसलाई उमेरैमा असक्त बन्नुपरेको छ । एउटाले लोग्नेले अर्को लोग्नेलाई धेरै माया गरिस्, उसैलाई पोषिस्, मलाई वास्ता गरिनस् भनेर भित्रभित्रै तनाबको वातावरण सिर्जना भएको देखिन्छ । यस्तो व्यवस्थामा पत्नी कहिल्यै पनि स्वतन्त्र र फुक्का हुन पाउँदिन, कुनै न कुनै पतिले उसलाई

झिँजोलिरहन्छन् । यसर्थ बहुपति प्रथामा बाहिर पत्नीलाई मालिक्नी जस्तो देखाएर घरको इमान्दार नोकर मात्र बनाइएको विचार नियात्राकारले व्यक्त गरेका छन् । कति नारीलाई आजीवन विवाह गर्ने अवसरबाटै वञ्चित हुनुपरेको छ भने विवाहित नारीले पनि धेरै पतिबाट शोषित भई नारकीय जीवन बाँच्नुपरेको छ । यसर्थ प्रस्तुत कृतिमा बहुपतिप्रथा एउटा विकराल सामाजिक समस्या हो भन्ने निष्कर्षमा पुगिएको छ ।

**सरसफाईका समस्या**

सरसफाई स्वास्थ्यसँग जोडिने विषय हो । पर्याप्त शिक्षाको अभाव र जनचेतनाको कमीले गर्दा मानिसले सरसफाईमा ध्यान पुऱ्याउन सक्दैनन् । सफा र स्वच्छ भएर जीवनयापन गर्न यत्रतत्र दिसापिसाब नगर्ने, फोहर निश्चित स्थानमा फाल्ने, पिउने पानी र खानेकुरा सफा र ताजा हुनुपर्ने, दैनिक नुहाउने र सफा कपडा लगाउनुपर्ने हुन्छ । जुन समुदायमा यी सबै कुराको जानकारी हुँदैन त्यो समुदाय वा समाजमा सरसफाईसम्बन्धी समस्या देखिन्छन् । नियात्राकार पुडासैनीको उल्लिखित कृतिमा पनि सरसफाईसम्बन्धी समस्या पाइएका छन् जसलाई तलको उद्धरणले पुष्टि गर्छ :

> ...तिम्रा गाउँ पुगेको सूचना त दिसा पिसाबको गन्धले दिँदा रहेछन् । गाउँ भेट्नु अघिदेखि आँगन, बाटो, पिँढी, रछ्यान जतासुकै दिसैदिसाका लिँडहरू तरबर्र उठिरहेका । साँघुरा बाटाहरूमा गुहु, मुत र घस्यानमस्यानले हिँडिनसक्नु । पाइलैपिच्छे गुहु नटेकी सुखै छैन । नाक कतिबेर थुन्नु । गुहुमा भुन्भुनाएका हरिया झिँगाले डसेरै मार्लान् भन्ने डर । संसार कहाँबाट कहाँ पुगिसक्यो । जताततै दिसाको डङ्गुर लगाउने चलन किन नत्यागेको तिमीले । (पृ. ३२)

सर्वत्र फोहर मात्र देखेपछि नियात्राकार पुडासैनीले हुम्लाको लादेवाडामा भेटिएका एक जना व्यक्तिसँग भनेका भनाइ हुन् । गाउँ आइपुगेको सूचना दिसापिसाबको गन्धले दिएको, बाटोघाटो जताततै दिसैदिसा छरिएको, साँघुरा बाटाहरूमा दिसापिसाब र घस्यानमस्यानले हिँडिनसक्नु भएको, पाइलैपिच्छे फोहर कुल्चिनुपर्ने, जताततै गनाएर नाक थुनेर हिँड्नुपर्ने, दिसामा भुन्भुनाएका हरिया झिँगाले डसेरै मार्लान् कि भन्ने डर भएपछि उनले उक्त व्यक्तिसँग संसार कहाँबाट कहाँ पुगिसक्यो तिमीहरूले जताततै दिसाको डङ्गुर लगाउने चलन अझै छोडेका छैनौ भनेर प्रश्न गरेका छन् । यसबाट त्यहाँ सरसफाईसम्बन्धी ठुलो समस्या रहेको पुष्टि हुन्छ । हुम्लामा भएको सरसफाईसम्बन्धी समस्यालाई तलको उद्धरणले पनि पुष्टि गरेको छ :

> ...गाउँको माझमा एउटा ट्वाइलेट रहेछ, कुनै गैरसरकारी संस्थाले निर्माण गरिदिएको । ट्वाइलेटमा ढोका रहेनछ, गारोमा टाँसेर प्यान राखिदिएकाले बसेर दिसा गर्न नमिल्ने । ट्वाइलेट भरिएको रहेछ दाउराको खलियोले । ट्वाइलेट वरिपरि दिसापिसाब, त्यसमाथि हरिया झिङ्गाहरूको भुनभुनले पन्ध्र कदम वरैबाट सिकसिकोले जिउ चिलाउन थाल्दोरहेछ । (पृ. ५९)

कुनै गैरसरकारी संस्थाले गाउँको माझमा एउटा मात्र ट्वाइलेट बनाइदिएको रहेछ । त्यही ट्वाइलेटमा पनि ढोकै नभएको, प्यान गारोमा टाँसेर राखिदिएको हुनाले बसेर दिसा गर्नसमेत नमिल्ने, दाउराको खलियोले ट्वाइलेट भरिएको, ट्वाइलेटको बाहिर दिसापिसाबले भरिएको, त्यसैमाथि हरिया झिङ्गाहरू भन्केर पन्ध्र कदम वर छँदै सिकसिको लागेर जिउ चिलाउन थाल्ने अवस्था देखेपछि नियात्राकारले असाध्यै घिन मानेका छन् र यसलाई सरसफाईसम्बन्धी ठुलो समस्याको रूपमा लिएका छन् ।

## सशस्त्र युद्धले निम्त्याएका समस्या

नेपालमा वि.सं. २०५२ सालदेखि २०६२ सालसम्मको १० वर्षे माओवादी युद्धलाई सशस्त्र युद्धको नामले चिनिन्छ । नेपालमा राजतन्त्रको अन्त्य गरी गणतन्त्रको स्थापना गर्ने उद्देश्यका साथ पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा २०५२ साल फागुन १ गतेदेखि नेपाल कम्युनिष्ट पार्टी माओवादीले सशस्त्रयुद्धको प्रारम्भ गऱ्यो । यो युद्धले असंख्य निर्दोष र निहत्था नेपालीको ज्यान लिने, अङ्गभङ्ग गर्ने, भौतिक संरचना ध्वस्त पार्ने र थुप्रै धनजनको क्षति गर्ने गरे पनि सामन्ती व्यवस्थाको अन्त्य र जनचेतनाको विकास जस्ता केही सकारात्मक परिवर्तन भने नभएका होइनन् । युद्धको बेला सर्वसाधारण जनताले सरकारी सेना र लाल सेना दुवैको हप्कीदप्की खप्नुपर्दा दोहोरो मारमा परेर निकै कष्टकर जीवन बाँच्नुपरेको थियो । माओवादीको चन्दा आतङ्क र भौतिक कारवाहीले सबै मान्छे आतङ्कित भएपछि विभिन्न सामाजिक समस्याहरू उत्पन्न भए । पुडासैनीको प्रस्तुत कृतिमा पनि सशस्त्रयुद्धले निम्त्याएका सामाजिक समस्याहरू देख्न सकिन्छ जसलाई तलको उद्धरणले पुष्टि गरेको छ ।

> बाबु, देशभर माओवादी र सरकारी सेनाका भिडन्त छ भन्छन् । मान्छेले मान्छेलाई नै मार्ने कस्तो चलन आयो । बन्दुक बोकेपछि त पड्काउनै पऱ्यो । नेपालीले नेपालीलाई नै बन्दुक हानेर के फूर्ति गरेको यस्तो ? हाम्रो हिमालतिर माओवादी देखिएका छैनन् । सेना पनि भेटिएका छैनन् । बरु दुवै नआउन् यतातिर । तताएर खानलाई नुन र खोले छैन, बन्दुक जुधाएर केको सान ? (पृ. १३०)

उद्धृतांशमा हुम्ला जिल्लाको भ्रमणका क्रममा एक जना वृद्धले नियात्राकारसँग देशमा भइरहेको माओवादी र सरकारी सेनाको भिडन्तका बारेमा दुखेसो पोखेका छन् । मान्छेले मान्छे मार्ने, एउटा नेपालीले अर्को नेपाली मार्ने नराम्रो चलन आएको, जनताको चुलोमा नुन र खोले पाक्न पनि धौधौ भएको, नेपाली सेना र लाल सेना दुवैले सर्वसाधारणलाई दुःख दिने भएकाले ती दुवैथरि यतातिर नआए हुन्थ्यो, बन्दुक जुधाएर यिनले के सान देखाएका होलान् भन्ने विचार व्यक्त गरेका छन् । वृद्धका यी भनाइबाट सशस्त्रयुद्ध एउटा सामाजिक समस्या बन्न पुगेको स्पष्ट भएको छ । यथार्थमा भन्नुपर्दा युद्ध हिंसात्मक हुने हुँदा यसले जित्नेहार्ने कसैको पनि भलो गर्दैन भन्ने आसय यसप्रकार व्यक्त भएको छ :

> पैसा बुझाउने र माओवादीलाई सहयोग गर्ने, नत्र हदैसम्मको कारबाही गर्ने धम्की त कति आइसक्यो कति । यता माओवादीलाई सहयोग गऱ्यौ भने जागिर खोसिदन्छौं भन्छन् सिडियो र डिएसपी तर उनीहरू नै माओवादीलाई लुकीलुकी आर्थिक सहयोग गर्छन् । माओवादीले केही गरे आफूले थाहा नपाएको बहाना गर्छन् । कुनबेला सरकारी सेनाको गोलीको निसाना बन्नुपर्ने हो कि माओवादी छापामारहरूको बारुदको छर्रामा शरीर छिन्नभिन्न पर्ने हो केही ठेगान छैन । (पृ.२०३)

सशस्त्रयुद्धका बेला एकातिर माओवादीले आफूहरूलाई सहयोग नगरे भौतिक कारवाहीसम्मका धम्की दिने अर्कोतिर सिडियो र डिएसपीहरूले माओवादीलाई सहयोग गरे जागिर खोसिदन्छौँ भनेपछि जनताहरू दोहोरो मारमा परेको, तिनै सिडियो र डिएसपीहरू माओवादीसँग डराएर लुकीलुकी आर्थिक सहयोग गर्ने गरेको अत्यन्त जटिल अवस्था कृतिमा प्रस्तुत भएको छ । सर्वसाधारण जनतालाई सरकारी सेनाको गोलीको निसाना बन्नुपर्ने हो वा माओवादी छापामारहरूको बारुदको छर्रामा परी शरीर छिन्नभिन्न हुनुपर्ने डरको अभिव्यक्तिबाट सशस्त्रयुद्धले विकराल सामाजिक समस्या निम्त्याएको कुरा स्पष्ट भएको छ ।

**मदिराजन्य र यौनजन्य समस्या**

जाँड रक्सी जस्ता लागुपदार्थ र स्त्रीपुरुषका बिचमा हुने आन्तरिक सम्बन्धसम्बन्धी समस्यालाई मदिराजन्य र यौनजन्य समस्या भनिन्छ । अशिक्षित समुदाय तथा जनचेतनाको कमी भएको समाजमा यस्ता कुराहरू औधी धेरै हुने गर्छन् । मदिरा र यौन परस्परमा सम्बन्धित कुरा पनि हुन् । मदिरा सेवन गरेपछि मान्छेलाई जे बोल्न र जसो गर्न पनि छुट भएको देखिन्छ । पुडासैनीको प्रस्तुत कृतिमा पनि मदिरा र यौनसम्बन्धी कुरालाई ठुलै सामाजिक समस्याका रूपमा लिइएको छ भन्ने कुरा तलको उद्धरणले पुष्टि गरेको छ :

> देखिहाल्नुभो सर, हुम्लामा आगोले पोल्दैन, हिउँले पोल्छ । जाडोमा त माइनस पच्चिस डिग्री खप्नुपर्छ । जता हेर्‍यो त्यतै हिउँ । जता टेक्यो त्यतै हिउँ । हावामा हिउँ । हिउँबाट बच्न पनि त चाहियो नि आराक- अर्का झुम्मनले अर्को एक ग्लास सुट्क्याएर र साहुनीको पुठोलाई औंलाले गिजोल्दै सोधे -कि कसो आँगा ?" (पृ. २०३)

उद्धृतांशमा जतातत्तै धेरै हिउँ पर्ने र अत्यन्तै जाडो हुने हुम्लामा तापक्रम माइनस पच्चिस डिग्रीसम्म पुग्ने भएकाले त्यही हिउँबाट बच्न पनि पिउनुपरेको कुरा गर्दै रक्सी घुट्क्याइरहेका जँड्याहा कर्मचारीहरूको चर्तिकला प्रस्तुत भएको छ । रक्सी धोकेर आफ्नो मर्यादा गुमाउने एउटा गतिछाडा कर्मचारीले भट्टीवालीका यौनाङ्गहरूमा आफ्ना हात पुर्‍याउँदै अर्को जँड्याहासँग आफूले गरेको कामको समर्थन जुटाउँदै गरेको कुरा प्रस्तुत उद्धरणमा अभिव्यक्त भएको छ । यसै गरी रक्सीसँगै आफ्नो जवानी पनि विक्री गर्ने भट्टीवालीको नियत पनि स्पष्ट देख्न सकिन्छ । राज्यको राजस्वबाट तलब खाएर जनताको सेवा गर्न खटिएका राष्ट्रसेवक कर्मचारीहरूले आफ्ना मर्यादाको समेत परवाह नगरी मस्त रक्सी धोकेर आफूलाई टेन्सनमुक्त पार्ने काममा तल्लीन रहेको कुरा यसरी अभिव्यक्त भएको छ, "...बाँचुन्जेल के को टेन्सन, मजासँग रक्सी धोक्यो, छोट्टी च्याप्यो, यस्तो दुर्गममा पनि पिर लिएर बाँच्ने हो र ? आधा ग्लास सुरपानी घुट्क्याए एक मित्रले । उनी निकै अघिदेखि आगो ताप्ने बहानामा एउटी छोट्टीलाई गिजोलीरहेका थिए" (पृ. २०३) । उल्लिखित पङ्क्तिमा रक्सीले लट्ठिएको कर्मचारी आगो ताप्ने बहाना पारी एउटी छोट्टीको नजिक नजिक पुगेर उसलाई गिजोल्न ( यौनाङ्गहरूमा हात पुर्‍याउन) थालेको सन्दर्भसमेत छर्लङ्ग भएको छ । जनताको सेवा गर्न भनी सरकारी तलब खाएका कर्मचारीहरूले बिलभर्पाइ मिलाएर आफैँले कुम्ल्याउने गरेको सन्दर्भ पनि तलको उद्धरणमा उल्लेख भएको छ :

> पैसा सरकारले पठाइहाल्छ अर्गानिक छोट्टी र अर्गानिक छ्याङ यहीँ पाइहालिन्छ, अनि किन अन्भरिनु सहर बजार भन्दै । तपाईं त हिसाबकिताब जाँच्न आउनुभएको मान्छे काम नगरे पनि बिल भर्पाई चाहिए जतिको बनाएका छौं है हामीले -रङ्ग न ढङ्ग हरिबङ्ग बन्दै खल्यातखुलुत्त रित्तिए हाकिम । (पृ.२०७)

सरकारले विभिन्न प्रयोजनका लागि कार्यालयमा पठाएको रकम भ्रष्ट कर्मचारीले चाहिए जतिको बिलभर्पाइ मिलाएर आफ्नै गोजी भर्ने गरेको र दुर्गम स्थानको अर्गानिक रक्सीमा मस्त डुबेर त्यहीँका अर्गानिक छोट्टी च्याँपेर बस्ने गरेको सन्दर्भ प्रस्तुत उद्धरणमा अभिव्यक्त भएको छ । कार्यालयका प्रमुखले नै अडिटका लागि गएका नियात्राकारसँग काम नगरे पनि चाहिए जतिको बिलभर्पाई बनाएका छौं भनी रक्सी खाएको अवस्थामा आफ्नो गोपनीयता भङ्ग गरी सबै कुरा ओकलेको सन्दर्भलाई प्रस्तुत कृतिको मदिराजन्य र यौनजन्य सामाजिक समस्याका रूपमा लिन सकिन्छ ।

**जातीयताका समस्या**

नेपाली समाजमा जातीय विभाजनले पनि विभेदको स्थिति सिर्जना गरेको छ । मानिसलाई विभिन्न जातमा विभाजन गरी कसैलाई माथिल्लो र कसैलाई तल्लो जातमा राख्नु पक्कै पनि मानवीय कार्य होइन । एउटै प्रक्रियाबाट जन्मेका मानिस पनि कोही माथिल्लो र कोही तल्लो हुनु भनेको आधुनिक सभ्यताकै उपहास हो । जातीय विभाजनले गर्दा मानिसले समाजमा अप्ठ्यारा स्थितिको सामना गर्नुपरेको छ । समाजमा जातीय हिसाबले तल परेकाहरूलाई अमानवीय व्यवहार गर्ने गरिएको छ, जसलाई यस कृतिको सामाजिक समस्याको रूपमा लिइएको छ । पुडासैनीको *मायालु हुम्ला* कृतिभित्रका नियात्रामा जातीयताले निम्त्याएका समस्याहरूलाई पनि प्रस्तुत गरिएको छ भन्ने कुरा निम्नलिखित उद्धरणले स्पष्ट पारेको छ ।

> "ए सर, पख्नुस्, पख्नुस् कहाँ त्यो धारोमा पानी खान लाग्नुभएको, त्यो हामीले पानी खाने धारो होइन, हाम्रो लागि त उ माथि छ, यो त दलितहरूको लागि हो -एक मित्रले हातै समातेर तान्नुभयो मलाई । पानी पनि दलित र गैरदलितको लागि फरक हुन्छ, छोड्नुस् केही हुन्न"- मैले चार अञ्जुली पानी पिएँ त्यो ढुङ्गे धाराको । साथी आत्तिनुभयो, कतै कसैले देख्यो भने जात्रामा अरूभन्दा छुट्टै बस्नुपर्छ भनेर । पानीको मूल एउटै छ, धारा भने दलित र गैरदलितका लागि छुट्टाछुट्टै किन ? (पृ. ७४-७)

महालेखा कार्यालयमा कार्यरत रहँदा अडिटका क्रममा हुम्ला जिल्लाको भ्रमण गर्न पुगेका नियात्राकार पुडासैनी स्वयंले एउटा सार्वजनिक धारामा पानी खान लाग्दा एक जना मित्रले यो पानी हाम्रा लागि होइन, यहाँको पानी हामीले खानुहुँदैन, यो धारो त दलितका लागि हो नखानोस् भन्दै हातमा समातेर तानेको कुरा उल्लेख गरिएको छ । मित्रले तान्दातान्दै पनि नियात्राकारले पानी पनि दलित र गैरदलितका लागि नहुने भएकाले यस्ता वाइयात कुरा नगर्नोस् भन्दै उनले ढुङ्गेधाराको चार अञ्जुली पानी पिएका र कसैले देखेको भए जात्रामा अरूभन्दा छुट्टै बस्नुपर्छ भनी साथी आत्तिएको करासमेत उल्लेख गरेका छन् । एउटै पानीको मूलमा निर्माण हुने धारा पनि दलित र गैरदलितको भन्ने कुराले उनी आश्चर्यचकित मात्र भएका छैनन्, यस्तो अवस्थालाई सामाजिक अपराधको रूपमा समेत लिएका छन् ।

## निष्कर्ष

प्रस्तुत लेखमा दामोदर पुडासैनीकृत *मायालु हुम्ला* नियात्रासङ्ग्रहका निबन्धमा सामाजिक यथार्थवादको सैद्धान्तिक आधारमा टेकेर सामाजिक समस्याको अध्ययन गरिएको छ । उल्लिखित कृतिको सामाजिक यथार्थ पहिल्याउने क्रममा हुम्ली समाजमा विद्यमान सम्भावनाका सङ्कुचनसम्बन्धी, सरकारी कर्मचारीका कार्यसम्बन्धी, बहुपतिप्रथाले निम्त्याएका समस्यासम्बन्धी, जातीयतासम्बन्धी, मदिराजन्य र यौनजन्य, सरसफाईसम्बन्धी, सशस्त्रयुद्धले निम्त्याएका तथा अन्धविश्वासजन्य समस्या जस्ता सामाजिक यथार्थवादसम्बन्धी विविध समस्याहरूका आधारमा अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । भौगोलिक विकटता, अशिक्षा, जनचेतनाको कमी जस्ता त्यहाँका विविध खाले जटिलताले गर्दा सम्भावनाको सङ्कुचन हुन गई त्यहाँ उत्पादित बहुमूल्य वस्तुहरूले पनि समयसापेक्ष मूल्य पाउन नसकेकोमा लेखकले दुखेसो पोखेका छन् । कर्मचारीका कार्यसम्बन्धी समस्यामा कर्मचारीहरू पेसाप्रति कत्ति पनि इमान्दार नभएको, केन्द्रीय कार्यालयमा गई दुर्गम क्षेत्रका हुनेनहुने कुरा सुनाएर जनमानसमा भ्रम फैलाउने काम गरेको, विभिन्न प्रयोजनका लागि कार्यालयमा आएको रकम बिलभर्पाई मिलाएर आफैँले कुम्ल्याउने गरेको र जनताको सेवाप्रति पूर्णरूपले उदासीन रहेको सन्दर्भलाई उल्लेख गरिएको छ । अन्धविश्वासजन्य समस्यामा सबै अप्ठ्यारा देवता रिसाएका कारण आइलाग्छन्

भन्ने हुम्लीहरूले धामीको चाकरी वा पूजा गरी उनीहरूलाई खुसी पार्न सके मात्र देवता खुसी हुन्छन्, देवता खुसी भए भने सबै खाले समस्याबाट मुक्ति पाइन्छ भन्ने विश्वास गरेको देखिन्छ । बहुपतिप्रथाले निम्त्याएका समस्याअन्तर्गत बाहिर पत्नीलाई मालिक्नी जस्तो देखाएर भित्रभित्रै खेलौना जस्तो बनाई घरको इमान्दार नोकर मात्र बनाइएको र धेरै घरमा पुरुषले एउटै पत्नी राख्ने प्रचलनले गर्दा धेरैजसो नारीहरू विवाह गर्नबाटै वञ्चित भएको नियात्राकारको ठम्याइ रहेको छ । शिक्षा र चेतनाको कमीले सरसफाईका क्षेत्रमा ध्यान दिन नसक्दा देखिएका समस्या, माओवादी सशस्त्रयुद्धका बेला नेपाली सेना र लाल सेनाको दोहोरो मार खेप्न विवश सर्वसाधारण जनताका विवशता, भट्टीमा रक्सीसँगै जवानी बेच्ने महिलाहरू र रक्सी धोकेर तिनै महिलासँग आपत्तिजनक क्रियाकलाप गर्ने गतिछाडा निजामती कर्मचारीहरूका चर्तिकला तथा तल्लो जात र माथिल्लो जात भनी मान्छे मान्छेमा विभेद गरी पानीका धारासमेत दलित र गैरदलितका भनी छुट्टाउने प्रचलन पनि सामाजिक समस्याका रूपमा रहेको निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भसूची


अधिकारी, रेशराज (२०६२). *समाजशास्त्र र मानवशास्त्रको परिचय.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, शारदा (२०७९). लछमनियाँको गौना कथामा सामाजिक समस्या. *प्रज्ञान,* नेपाली विभाग त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा ।

घिमिरे, हरिहर (२०६१). *आधारभूत समाजशास्त्र र मानवशास्त्र.* काठमाडौँ : तलेजु प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५७). *पाश्चात्य साहित्यका प्रमुख वाद.* चौथौ संस्क., ललितपुर : साझा प्रकाशन ।

दवाडी, कल्पना (२०७५). *मायालु हुम्लामा चित्रित हिमाली समाज र संस्कृति.* स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ ।

पहाडी, ढुण्डिराज (२०७४). *पाश्चात्य साहित्यका प्रमुख वादहरूको विमर्श.* काठमाडौँ : मोलुङ फाउन्डेसन ।

पुडासैनी, दामोदर (२०७१). *मायालु हुम्ला.* काठमाडौँ : तन्नेरी प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३ ). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* दोस्रो संस्क., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।